# कालीमाटी फलफूल तथा तरकारी वजार विकास समिति
**कालीमाटी, काठमाडौं**

# सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ (३) र सूचनाको हकसम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

आ.ब. २०८०/८१

तेश्रो त्रैमासिक

(माघ - चैत्र)

**प्रकाशक**

कालीमाटी फलफूल तथा तरकारी वजार विकास समिति

**कालीमाटी, काठमाडौं**

२०८१, बैशाख

# कालीमाटी फलफूल तथा तरकारी वजार विकास समिति
# कालीमाटी, काठमाडौं

## सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ५ (३) र सूचनाको हकसम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

सूचना सार्वजनिक गरेको अवधिः आ.ब. २०८०।८१, तेश्रो त्रैमासिक (माघ– चैत्र)

### (१) निकायको स्वरूप र प्रकृति :

**पृष्ठभूमि**

अर्थव्यवस्थाको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्र निर्वाहमुखी उत्पादनवाट व्यावसायिक उत्पादन तर्फ अभिमुख भैरहेको छ । अधिकांस कृषकहरु परम्परागत अन्नवाली उत्पादनवाट तरकारी तथा फलफूल जस्ता अधिक मूल्य पर्ने बालीहरुको उत्पादन तर्फ आकर्षित हुदै गइरहेका छन् । मुख्यतः यस्ता प्रकारका अधिक मूल्य पर्ने वालीहरुको उत्पादन अभिमुखीकरणमा सरकारी र अन्य निकायहरुको प्रयास, कृषक तथा उत्पादकहरुको परिश्रम तथा उत्पादनवाट राम्रो प्रतिफलको कारणले खेती गरिने क्षेत्र तथा उत्पादनमा पनि हरेक वर्ष वृद्धि भइरहेको वर्तमान यथार्थ रहेको छ । विगतका योजनावद्ध आर्थिक विकास अन्तरगत उत्पादनमुखी कृषि योजनाहरुको फलस्वरुप कृषि क्षेत्रको उत्पादनमा उल्लेखनीय प्रगति भएको देखिन्छ । तथापी कृषि वस्तुहरुको वजारीकरण समस्याग्रस्त रहेको यर्थाथलाई महसुस गरी तात्कालीन समयमा नेपाल सरकारले “खाद्य तथा कृषि वजार सेवा विभाग” स्थापना गरी विभिन्न क्षेत्र र जिल्लाहरुमा यसका इकाइहरु स्थापना गरिएका थिए ।

**कालीमाटी वजार र यसको विकास क्रम**

कालीमाटी वजार लामो समयदेखि काठमाण्डौं उपत्यका तथा छिमेकी जिल्ला र क्षेत्रहरुको लागि कृषिवस्तुहरु विशेषतः तरकारी तथा फलफूलहरुको वेचविखन गर्ने थलोको रुपमा रहदै आएको पाइन्छ । काठमाण्डौं उपत्यका क्षेत्रभित्र तरकारी तथा फलफूलको वितरण व्यवस्थालाई व्यवस्थित गराउने अभिप्रायले नेपाल सरकारले तत्कालीन काठमाण्डौं काठमाण्डौं नगरपालिका हालको काठमाण्डौं महानगरपालिका वडा नं १३, कालीमाटी/टंकेश्ववर क्षेत्रमा जग्गा अधिग्रहण सम्वन्धी कार्य प्ररम्भ गरेको थियो । २०४३ आश्विन १५ गतेदेखि सामान्य वजार संरचना सहित नेपाल सरकारले तत्कालिन “खाद्य तथा कृषि वजार सेवा विभाग” अन्तरगत कालीमाटी वजारको स्थापना भई ०४९ सालसम्म सोही निकाय अन्तरगत संचालनमा रहेको थियो । तत्पश्चात ०५१ माघ मसान्तसम्म यो वजार तत्कालिन “कृषि विभाग, वजार विकास महाशाखा” अन्तरगत संचालनमा थियो ।

यस अवधिको वजार संचालनको क्रममा वजार आगमनको र कारोवारको स्थितिमा भएको विस्तार एवं वजार प्रयोगकर्ताहरुको वढ्दो चापका कारणले यस वजारलाई एउटा सुविधा सम्पन्न व्यवस्थित वजारको रुपमा रुपान्तरित गरिनुपर्ने आवश्यकता महशुस भई नेपाल सरकार तथा संयुक्त राष्ट्र संघीय पूँजी विकास कोष (UNCDF) का विच सन् १९९० मा “ कालीमाटी थोक वजार परियोजना सम्झौता (NEP/89/CO1) भए अनुसार कालीमाटी स्थित हालको सुविधा सम्पन्न वजार निर्माण भएको थियो ।

**समितिको स्थापना**

कालीमाटी वजारको निर्माण तथा व्यवस्थापनको लागि एउटा स्वायत्त निकायको आवश्यकता महशुस भई नेपाल सरकारबाट वि.सं. २०५१ फागुन १ गते विकास समिति ऐन-२०१३ अर्न्तगत “कालीमाटी फलफूल तथा तरकारी थोक वजार विकास समिति (गठन) आदेश, २०५१” जारी गरियो । समितिको कार्य क्षेत्रलाई विस्तार गर्ने अभिप्रायले नेपाल सरकारले वि. सं. २०५८ चैत्र १९ गते साविकको आदेश खारेज गरी सोही ऐन अन्तरगत “कालीमाटी फलफूल तथा तरकारी वजार विकास समिति (गठन) आदेश, २०५८” जारी गरे अनुसार हाल सोही बमोजिम समिति सँचालनमा रहेकोछ । नेपाल सरकारको निर्णय अनुसार संघीय संरचना बमोजिम यस समितिलाई संघ अर्न्तगतको निकाय कायम गरिएकोछ ।

समितिको स्वामित्वमा रहेको कीर्तिपुर नगरपालिका वडा नं. ६ चोभारमा करिव २२ रोपनी जग्गामा फलफूल तथा पुष्पबजार निर्माणाधिन अवस्थामा छ । यसै गरी धादिङ्ग नौविसे स्थित आफ्नै स्वामित्वको करिव ४.५ रोपनी जग्गामा सङ्कलन केन्द्र स्थापना गर्ने समितिले सोच राखेको छ ।

**समितिको संरचना**

समितिको वर्तमान गठन आदेश अनुसार हाल समिति संचालनको लागि ११ जनाको प्रतिनिधित्व रहेको देहाय अनुसारको एक समितिको व्यवस्था भएको छ ।

| | |
|---|---|
| ● राजपत्रांकित प्रथम श्रेणीका अधिकृतहरु मध्येबाट नेपाल सरकारले तोकेको व्यक्ति | अध्यक्ष |
| ● कार्यक्रम निर्देशक, कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालय, कृषि विभाग | सदस्य |
| ● वडा अध्यक्ष, कालीमाटी फलफुल तथा तरकारी बजार रहेको वडा, काठमाण्डौ महानगपालिका | सदस्य |
| ● नेपाल सरकारले मनोनयन गरेको कृषक प्रतिनिधि | ३ जना सदस्य |
| ● कालीमाटी फलफुल तथा तरकारी बजारमा व्यवसाय गर्ने तथा तरकारी व्यवसायीहरुले आफूहरु मध्येबाट निर्वाचन गरी पठाएका कम्तिमा एकजना महिला सहित | ३ जना सदस्य |
| ● कालीमाटी फलफुल तथा तरकारी बजार विकास समिति स्वतन्त्र कर्मचारी यूनियनको प्रतिनिधि | सदस्य |
| ● समितिको कार्यकारी निर्देशक | सदस्य |

## (२) **समितिको काम कर्तव्य र अधिकार**

"कालीमाटी फलफूल तथा तरकारी वजार विकास समिति ०५८" अनुसार समितिको काम कर्तव्य र अधिकार यस प्रकार रहेको छ ।

- बजार व्यवस्थापनको सन्दर्भमा नीति निर्धारण गर्ने र सो को कार्यान्वयन गर्ने,
- बजार स्थलमा बिक्री वितरण हुने बस्तुको प्रकृति र न्यूनतम परिमाण निर्धारण गर्ने,
- बजार व्यवस्थापनको लागि आवश्यक पर्ने कर्मचारीको व्यवस्था गर्ने तथा पारिश्रमिक सेवा शर्त तथा सुविधा निर्धारण गर्ने,
- बजार प्रबर्द्धन गर्ने सिलसिलामा बजारको स्थापना वा नेपाल सरकार वा अन्य निकायबाट निर्मित वा संचालित बजारहरुलाई संचालन गर्ने अभिप्रायले आफनो कार्य क्षेत्र बिस्तार गर्ने
- कृषि बस्तुहरुको प्याकेजिङ्ग, ग्रेडिङ्ग तथा गुणस्तर सम्बन्धी प्रोत्साहानमूलक कार्य गर्ने,
- फलफूल तथा तरकारी उत्पादक, थोक तथा खुद्रा व्यापारीहरुको लागि बजार सुविधा उपलव्ध गराउने,
- बजार सेवा/सुविधा उपलव्ध गराए बापतको सेवा शुल्क निर्धारण गर्ने,
- बजार संचालन सम्बन्धी कुनै समस्या उत्पन्न भएमा सो को समाधान गर्ने,
- बजार क्षेत्रलाई सफा सुघर राखी स्वस्थ बातावरण कायम गर्ने,
- समितिको लागि आवश्यक जनशक्ति बिकास सम्बन्धी कार्य गर्ने,
- बजार व्यवस्थापन सम्बन्धी अन्य आवश्यक कार्यहरु गर्ने ,
- कृषि बस्तुको खरीद बिक्री संग सम्बन्धित अन्य आवश्यक कार्य गर्ने ।

## ३ निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

कर्मचारी सेवा शर्त नियमावली, २०६० को अनुसुची १ र २ मा उल्लेख भएनुसार समितिमा देहाय अनुसारको कर्मचारीहरु रहने व्यवस्था छ । कर्मचारीहरुको कार्य विवरण तोकिए बमोजिम रहेको छ ।

### कर्मचारी दरबन्दी बिबरण

| क.सं. | पद | तह | सेवा/समूह | पद सँख्या |
|---|---|---|---|---|
| १. | कार्यकारी निर्देशक | विशिष्ठ | | १ |
| २. | सहायक कार्यकारी निर्देशक | १० | | १ |
| ३. | निर्देशक | ९ | | १ |
| ४. | उप-निर्देशक | ८ | प्राविधिक/बजार | १ |
| ५. | उप-निर्देशक | ८ | प्रशासन | १ |
| ६. | बरिष्ठ प्रशासकिय अधिकृत | ७ | प्रशासन/सा.प्रशासन | १ |
| ७. | बरिष्ठ लेखा अधिकृत | ७ | प्रशासन/लेखा | १ |
| ८. | बरिष्ठ योजना अधिकृत | ७ | प्राविधिक/बजार | १ |

| | | | | |
|---|---|---|---|---|
| ९. | बरिष्ठ बजार संचालन अधिकृत | ७ | प्राविधिक/बजार | १ |
| १०. | बरिष्ठ कानुन अधिकृत | ७ | प्रशासन/कानुन | १ |
| ११. | प्रशासकिय अधिकृत | ६ | प्रशासन/सा.प्रशासन | २ |
| १२. | लेखा अधिकृत | ६ | प्रशासन/लेखा | २ |
| १३. | योजना अधिकृत | ६ | प्राविधिक/बजार | १ |
| १४. | बजार सञ्चालन अधिकृत | ६ | प्राविधिक/बजार | ३ |
| १५. | अनुगमन तथा निरिक्षण अधिकृत | ६ | प्राविधिक/बजार | १ |
| १६. | कानून अधिकृत | ६ | प्रशासन/कानून | १ |
| १७. | सहायक प्रशासक | ५ | प्रशासन/सा.प्रशासन | २ |
| १८. | नीजि सहायक | ५ | प्रशासन/सा.प्रशासन | १ |
| १९. | स्टोर किपर | ५ | प्रशासन/सा.प्रशासन | १ |
| २०. | लेखापाल | ५ | प्रशासन/लेखा | ३ |
| २१. | क्यासियर | ५ | प्रशासन/लेखा | १ |
| २२. | निर्माण तथा योजना सहायक | ५ | प्राविधिक/बजार | २ |
| २३. | तथ्यांक तथा सूचना सहायक | ५ | प्राविधिक/बजार | ३ |
| २४. | निर्माण तथा बजार सहायक | ५ | प्राविधिक/बजार | २ |
| २५. | सहायक बजार निरिक्षक | ५ | प्राविधिक/बजार | ३ |
| २६. | सहायक सरसफाई निरिक्षक | ५ | प्राविधिक/बजार | १ |
| २७. | बजार सहायक | ५ | प्राविधिक/बजार | २ |
| २८. | सूरक्षा इन्चार्ज | ५ | प्रशासन/सा.प्रशासन | ३ |
| २९. | भारी सवारी चालक | विहिन | प्राविधिक/सा.प्रशासन | २ |
| ३०. | हल्का सवारी चालक | विहिन | प्राविधिक/सा.प्रशासन | २ |
| ३१. | सूरक्षा गार्ड | विहिन | प्रशासन/सा.प्रशासन | २५ |
| ३२. | कार्यालय सहयोगी | विहिन | प्रशासन/सा.प्रशासन | ७ |

## ४ निकायबाट प्रदान गरिएका सेवा सुविधाहरु

### समितिले सँचालन गरेका बजारहरु

| बजार | क्षेत्रफल | प्रमुख कारोवार/अवस्था |
|---|---|---|
| कालीमाटी बजार | ४५ रोपनी क्षेत्रफल | विशेषतः थोक कारोवार |
| वालाजु बजार | २ रोपनी १२ आना | विशेषत : खुद्रा कारोवार |
| चोभार बजार | २३ रोपनी | फलफूल तथा पुष्प बजार निर्माणाधिन |
| नौविसे केन्द्र | ४ रोपनी ८ आना | प्रस्तावित सङ्कलन केन्द्र |

## कालीमाटी बजारका संरचना सम्झौता सम्वन्धी बिवरण

| क्र. सं. | विवरण | कार्यरत संख्या | कार्यरत क्षेत्रफल वर्गफिट | रिक्त संख्या | रिक्त क्षेत्रफल वर्गफिट | जम्मा संख्या | जम्मा क्षेत्रफल वर्गफिट |
|---|---|---|---|---|---|---|---|
| क) आवेदन मूल्याङ्कनका आधारमा वितरण | | ५७६ | ६०४४९ | ११ | १०९४ | ५८७ | ६१५४३ |
| 1 | तरकारी थोक बजार तर्फ | ३३८ | ३२६९७ | ० | ० | ३३८ | ३२६९७ |
| 2 | आलुप्याज थोक बजार तर्फ | ९१ | ७६४८ | २ | १२८ | ९३ | ७७७६ |
| अ | थोकस्टल आलुप्याज र तरकारी तर्फ | ४२९ | ४०३४५ | २ | १२८ | ४३१ | ४०४७३ |
| | • बहुउद्धेशिय भवन २१ समेत ब्लक ए | २५५ | २६१९८ | ० | ० | २५५ | २६१९८ |
| | • ४६ र ४२ टहरा ब्लक बि | ८७ | ७२३४ | ० | ० | ८७ | ७२३४ |
| | • सहकारी तर्फ ब्लक बि | ३८ | ३१९५ | ० | ० | ३८ | ३१९५ |
| | • फिससेड तर्फ ब्लक सि | ११ | १०२४ | ० | ० | ११ | १०२४ |
| | • २४ टहरा ब्लक डि | ३० | २१६२ | ० | ० | ३० | २१८२ |
| | • आइसप्लाण्ट टहरा स्थानीय ब्लक इ | ८ | ५१२ | २ | १२८ | १० | ६४० |
| आ | किसानका लागी होल्डिङ्ग/अक्सन यार्ड | ० | ० | ० | ० | १२ | ९६० |
| 3 | फलफुल बजार तर्फ ब्लक इ | ११ | ४७९७ | ० | ० | ११ | ४७९७ |
| 4 | माछा बजार तर्फ ब्लक याफ | २८ | ३२४९ | ३ | ३०० | ३१ | ३५४९ |
| 5 | खुद्रा स्टल तर्फ ब्लक एच | ६७ | २७४९ | ३ | १२० | ७० | २८६९ |
| 6 | स्टोरीङ्ग केज तर्फ | ३३ | ५८९६ | ३ | ५४६ | ३६ | ६४४२ |
| 7 | कार्यालय कोठा तर्फ | ८ | ३४१३ | ० | ० | ८ | ३४१३ |
| ख) बोलपत्रका आधारमा वितरण | | २३ | ३०५९ | २ | १२३१ | २५ | ४२९० |
| 8 | सटर (ब्लक जि र याम टू ) | १७ | २४५४ | ० | ० | १७ | २४५४ |
| 9 | भोजनालय (रेष्टुरेण्ट) (ब्लक याम वान) | ० | ० | १ | १०५२ | १ | १०५२ |
| 10 | चमेनागृह (सटर नं. १८ समेत) | ३ | ६०५ | १ | १७९ | ४ | ७८४ |
| 11 | शौचालय (एउटै संचालक) संख्या ४ | १ | ० | ० | ० | १ | ० |
| 12 | प्रवेश शूल्क संकलन | १ | ० | ० | ० | १ | ० |
| 13 | पार्किङ्ग | १ | ० | ० | ० | १ | ० |
| | जम्मा | ५९९ | ६३५०८ | १३ | २३२५ | ६१२ | ६५८३३ |

## कालीमाटी वजार भित्रका कारोवार स्थल

**(क) थोक कारोवार स्थल :**

कालीमाटी बजारमा थोक कारोबारको बाहुल्यता रहेको छ । नियमावलीमा भएको प्रावधान अनुसार ९ प्रतिशत स्थान सहकारी संघ-संस्था तथा कृषक समूहहरुको लागी व्यवस्था गरिएकोछ । थोक स्थललाई पनि आलु प्याज, ताजा तरकारी, फलफूल तथा माछा कारोवारको आधारमा वर्गीकरण गरिएको छ । थोक वजारस्थल भित्र न्यूनतम कारोबारको परिमाण ५ के.जी. निर्धारण गरिएको छ । थोक वजारस्थलका प्रमुख ग्राहकका रुपमा अन्य वजारहरुका

थोक तथा खुद्रा व्यापारीहरु साइकल व्यापारीहरु, होटेल, रेष्टुरेन्ट, होस्टेल, स्कूल तथा आम उपभोक्ताहरु प्रमुख रुपमा रहेका छन् ।

**(ख) खुद्रा कारोवार स्थल :**
तोकिएको थोक परिमाण भन्दा कम खरिद गर्न चाहने उपभोक्ताका लागि आलु, प्याज, कागती, ताजा तरकारी र अदुवा लसुन जस्ता मसलाजन्य वस्तुको कारोवार हुने खुद्रा बजारको पनि व्यवस्था रहेकोछ ।

**(ग) कृषक कारोवार स्थल :**
स्थानीय कृषकले उत्पादन गरेको ताजा तरकारी तथा हरिया सागपात कृषक स्वयमले बेचविखन गर्नका लागि खुद्रा बजारसँगैको सेड तथा सो वरिपरिको खुला स्थान कृषक वजारको लागि छुट्याइएकोछ । कृषक वजार बिहान सबेरै देखि १०:०० बजेसम्म र अपरान्ह ३:०० बजे देखि अवेर साँझसम्म गरी दैनिक रुपमा दुई सिफ्ट सँचालन हुने गर्दछ । कृषक वजारमा विशेषत: काठमाडौं उपत्यका कै कृषकहरुको बाहुल्यता रहने गरेको छ ।

**(घ) माछा कारोवार स्थल :**
समितिको वजार क्षेत्रभित्रको टंकेश्वर मार्गमा माछा वजार रहेको छ । उक्त वजारमा स्वदेश तथा विदेशवाट आयात गरिएका विविध जातका ताजा माछाहरुको थोक तथा खुद्रा कारोवार हुने गरेको छ ।

**(ङ) फलफूल कारोवार स्थल :**
समितिको वजार क्षेत्रभित्रको टंकेश्वर मार्गमा रहेको सेड र बजार परिसरका अन्य स्थानमा रहेका सटर र संरचनाहरु फलफूल कारोवारका लागि उपलब्ध गराईएकोछ । फलफूल बजारमा विशेषत : स्वदेशी मौसमी फलफूलका साथै तथा विदेशी फलफूलहरु समेत कारोबार हुने गरेको छ ।

**(च) अन्य सुविधाहरु :**
कालीमाटी बजारमा मल तथा विउविजन, दुध तथा दुधजन्य पदार्थ, चमेनागृह, भोजनालय, गोदाम, बैंक, कार्यालय, धर्मकाँटा, शौचालय जस्ता सेवामुलक सरसुविधाको समेत व्यवस्था रहेको छ ।

## कृषि उपज बजार , बालाजु

काठमाडौं महानगरपालिका वडा नं. १६ स्थित मत्स्य विकास केन्द्रको हातासंगै कृषि उपज बजार, बालाजु रहेको छ । यस बजारले २.५ क्षेत्रफल ओगटेको छ ।

**बालाजु बजारका संरचना सम्झौता सम्वन्धी बिवरण :**

| क्र. सं. | विवरण | कार्यरत संख्या | कार्यरत क्षेत्रफल | रिक्त संख्या | रिक्त क्षेत्रफल | जम्मा | जम्मा क्षेत्रफल |
|---|---|---|---|---|---|---|---|
| | क) आवेदन मूल्याँकनका आधारमा वितरण | ३९ | २६८१ | १० | ५८७ | ४९ | ३२६८ |
| १ | खुद्रा स्टलहरु | ३६ | २१२८ | ६ | ३२९ | ४२ | २४५७ |
| २ | खुद्रा स्टलहरु | २ | १२३ | ३ | १५९ | ५ | २८२ |
| ३ | माछा सटर | १ | ४३० | 0 | 0 | १ | ४३० |
| ४ | कोठा | 0 | 0 | १ | ९९ | १ | ९९ |
| | ख) बोलपत्रका आधारमा वितरण | १२ | २२१६ | १ | १५७ | १३ | २३७३ |
| ५ | सटरहरु | १० | १८९१ | १ | १५७ | ११ | २०४८ |
| ६ | चमेनागृह | १ | ३२५ | 0 | 0 | १ | ३२५ |
| ७ | शौचालय | १ | ० | 0 | 0 | १ | ० |
| | जम्मा | ५१ | ४८९७ | ११ | ७४४ | ६२ | ५६४१ |

**कालीमाटी र बालाजु बजारको जम्मा**

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | जम्मा | ६५० | ६८४०५ | २४ | ३०६९ | ६७४ | ७१४७४ |

## बजार सम्बध्द सेवाहरु


समितिले वजारसँग सम्वध्द कृषक, व्यवसायी, वजार उपयोगकर्ता, ढुवानीकर्ता तथा आम उपभोक्ताहरुको हित संरक्षण तथा सेवा र सुविधाको लागि दैनिक तथा नियमित रुपमा विभिन्न प्रकारका सेवा तथा सुविधाहरु प्रदान गर्दै आएको छ।

- वजार सूचना सेवा -Website:www.kalimatimarket.gov.np) (Notice Board No. 1618070766666)
- फोहरमैला सङ्कलन तथा व्यवस्थापन
- वजार सुरक्षा सेवा (सुरक्षागार्ड, सिसि क्यामरा र माइकिङ्ग सिस्टमको व्यवस्था)
- विषादी अवशेष द्रुत विश्लेषण/परीक्षण
- बैकिङ्ग सेवा
- Weighbridge सँचालन
- बजार प्रयोगकर्ताको लागि पार्किङ्ग सुविधा
- नापतौल तथा गुणस्तर परीक्षणमा सहजीकरण
- विद्युत सवस्टेशन,
- २५० KVA क्षमताको जेनेरटर,
- १६०००० ली पानी भण्डारण क्षमताको पानी ट्याङ्की सहितको डिप ट्यबवेल,
- शौचालयहरु,
- पार्किङ्ग स्थल,
- लोडिङ्ग अनलोडिङ्ग क्षेत्र, आदि


## बजार कारोवार प्रकृति

आ.ब. २०८०/८१, तेश्रो त्रैमासिक अवधिको आगमन परिमाण ५४,८१९ मे.टन. रहेको छ ।

### कृषि वस्तुहरुको आधारमा आगमन स्थिति




## प्रमुख आपूर्ति क्षेत्रको आधारमा_आगमन स्थिति




## ५ सेवा प्रदान गर्ने शाखा, जिम्मेवार अधिकारी

कर्मचारी सेवा शर्त नियमावली, २०६० को अनुसुची १ मा देहाय अनुसारको संगठन तालिकाको व्यवस्था छ । समितिको विभिन्न नियमावली र कर्मचारीहरुको कार्य विवरणमा सेवा प्रदान गर्ने कर्मचारी, शाखा, तालुक र जिम्मेवार अधिकारीको वारेमा उल्लेख छ ।



## ६. लाग्ने दस्तुर र अवधि

समितिले उपलब्ध गराएको सेवा सुविधा बापत लाग्ने दस्तुर र अवधिका वारेमा नियमानुसार हुने र यस सम्वन्धमा नागरिक वडापत्रमा पनि सार्वजनिकरुपमा जारी गरिएको छ।

## ७. निर्णय गर्ने प्रकृया र अधिकारीः

समितिको गठन आदेश र विभिन्न नियमावलीमा भएको व्यवस्थानुसारको अधिकारीबाट निर्णय हुने व्यवस्था रहेको छ । समितिको नीतिगत तहका विषय, गठन आदेश समितिलाई तोकिएका समितिका काम कारवाही तथा वार्षिक कार्यक्रम बजेटका सम्बन्धमा समितिबाट निर्णय हुने गरेको छ । समितिको व्यवस्थापकिय तहका काम कारबाहीमा सम्बन्धमा नियमावलीमा भएको व्यवस्थानुसार शाखागत तह तथा सो भन्दा माथिका तह र कार्यकारी निर्देशक स्तरबाट हुने गरेको छ । नियमावलीमा उल्लेख नभएका सम्बन्धमा समिति समक्ष पेश गरि निर्णय गर्ने गरिएको छ ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

शाखागत तहबाट भएका काम कारवाही र निर्णयका उजुरीका सम्बन्धमा कार्यकारी निर्देशकबाट र कार्यकारी निर्देशक स्तरबाट भएका निर्णयका उजुरी सम्बन्धमा समितिबाट सुनवाही हुने व्यवस्था रहेको छ ।

## ९. सम्पादन गरेको प्रमुख कामको विवरणः

१. **बजार संचालन, व्यवस्थापन र अनुगमनः**
   - समिति अन्तर्गतको कालीमाटी बजार र बालाजु बजार दैनिक र नियमितरुपमा संचालन भएको ।
   - बजार संचालन र व्यवस्थापनलाई बढि प्रभावकारी बनाउन बजार संचालन र व्यवस्थापनतर्फका कर्मचारीहरुलाई विशेषतः कारोबारको मुख्य समय बिहानको सिफ्टमा विशेष क्रियाशिल गराइएको।

२. **बजार निर्माण तथा मर्मत सम्भारः**
   - कालीमाटी थोक बजार तर्फ जिर्ण माछा बजारको छाना फेर्ने लगायतका सुधारका कार्यहरु सम्पन्न भएको ।
   - कालीमाटी बजारको जिर्ण ४६ सेड निर्माण सुधारको कार्य करिब सम्पन्न भएको ।
   - कालीमाटी बजारको ३८ सेड निर्माण सुधारको लागि बोलपत्र आह्वान भएको ।
   - नौबिसे केन्द्रमा सिमा पर्खाल निर्माण कार्यको लागत स्टिमेट कार्य सम्पन्न भएको ।
   - कालीमाटी बजार तथा बालाजु बजार क्षेत्रभित्र विविध निर्माण मर्मत सुधारका कार्यहरुका लागि लागत स्टिमेटका कार्यहरु भएको तथा आवश्यकतानुसारका साना तिना कार्यहरु सम्पन्न भएको र केहि कार्यहरुको लागि खरिद प्रक्रियाको चरणमा रहेको ।

३. **स्टल वितरण र पून सम्झौताः**
   - समितिको मिति २०८०।३।२६ गतेको निर्णयानुसार कार्यरत व्यवसायीहरुको २ वर्ष म्याद शर्त पुरा गरेको अवस्थामा थप्ने निर्णय भए अनुसार सूचना प्रकाशन गरिएको र समितिको निर्णयानुसार सम्झौता अवधि थपका लागि आवेदनहरु माग गरि छानबिनको प्रतिवेदन प्राप्त भई प्रकृया पुगेका व्यवसायीहरुसंग सम्झौता गर्ने कार्य भएको ।
   - कालीमाटी तथा बालाजु बजार क्षेत्रका रिक्त विभिन्न बन्द प्रकृतिका सटरहरु संचालन, चमेना गृह, भोजनालय संचालनका लागि बोलपत्र आह्वान गरि सम्झौता गर्ने कार्य सम्पन्न भएको/कार्यान्वयको क्रममा रहेको ।

४. **व्यवसायीहरुसंगको मुद्दा मामिलाः** समितिलाई बिपक्षी बनाई उच्च अदालत र सर्वोच्च अदालतमा ६ वटा उत्प्रेषण र परमादेशका मुद्दाहरु बिचाराधीन रहेकोमा ४ वटा मुद्दाको फैसला भएको ।

५. **Online Payment/SMS Alert System:** समितिको बजार क्षेत्र भित्र कार्य गर्ने व्यवसायीहरुले बुझाउनु पर्ने भाडा तथा शुल्क Online मार्फत बुझाउन सकिने र समितिको बजार क्षेत्र भित्र आगमन हुने कृषि उपज सम्बन्धी जानकारी तत्काल सम्बन्धित व्यवसायीहरुलाई जानकारी गराउनका लागि SMS Alert System कार्यान्वयनमा रहेको ।

६. **अन्तरक्रिया/अध्ययन अनुगमनः** बजार सरोकारवाला, व्यवसायीहरु तथा विज्ञहरुको उपस्थितिमा कृषि उपजमा VAT कार्यान्वयन सम्बन्धमा तथा चाड पर्व विशेष बजार अनुगमन र मुल्य स्थिति सम्बन्धी, बिल बिजक प्रयोग, पोष्ठ हार्भेष्ट सुधार, बजार सम्पर्क बिकास तथा बिषादी न्यूनीकरण सम्बन्धी फिड स्तरिय अन्तरक्रिया, कार्यरत सहकारी/ कृषक समूहको स्थलगत अनुगमन लगायतका कार्यक्रमहरु सम्पन्न भएको । कृषक संग कालीमाटी बजार कार्यक्रम अन्तर्गत ललितपूरको महाँकाल, चितवनको केरुङ्गा र मकवानपूरको मनहरीमा क्रेट हस्तान्तरण र विउ विजन वितरण सहितको कार्यक्रम सम्पन्न भएको ।

७. **बजार सरसफाइ र व्यवस्थापनः** बजार क्षेत्र भित्र उत्पन्न हुने फोहरमैला संकलन र व्यवस्थापन गर्ने कार्य दैनिक तथा नियमित रुपमा भएको ।

८. **बजार सूचना सेवाः** बजार क्षेत्र भित्रको आगमन परिमाण, थोक तथा खुद्रा मूल्य संकलन गरि सफ्टवेयरको प्रयोगद्वारा सूचनाहरु प्रशोधन गरि समितिको वेव साइट www.Kalimatimarket.gov.np र Kalimati Market APP मा दैनिक तथा नियमित रुपमा अद्यावधिक गर्ने गरिएको । बजार सूचनाहरुलाई Email र नोटिस वोर्ड सेवा माध्यमबाट समेत प्रवाह गर्ने व्यवस्था मिलाइएको । थोक बजार प्रवेश द्वारमा १०x१२ को LED Display Board जडान गरि संचालनमा ल्याइएको ।

९. **नियमावली परिमार्जनः** समितिको कर्मचारी सेवा शर्त नियमावली मन्त्री परिषदबाट स्विकृत भई आएको ।व्यवस्थापन तहबाट संगठन संरचनाका लागि गृह कार्य भइ रहेको ।

## १०. कार्यालय प्रमुख र सूचना अधिकारी को नाम र पदः

**कार्यकारी प्रमुखको** नामः डा. महादेव प्रसाद पौडेल
पदः कार्यकारी निर्देशक

**सूचना अधिकारीको** नामः विनय श्रेष्ठ
पदः उप निर्देशक

## ११. ऐन, नियम, विनियम तथा निर्देशिकाको सुची:

- कालीमाटी फलफूल तथा तरकारी बजार बिकास समिति गठन आदेश, २०५८
- कर्मचारी सेवा शर्त नियमावली, २०६०
- बजार बिकास तथा संचालन नियमावली, २०६०
- खरिद नियमावली, २०७३
- आर्थिक कार्यविधि नियमावली, २०७३

१२. समितिको आ.ब. २०८०।८१ तेश्रो त्रैमासिमको आम्दानी विवरणः

| शिर्षक | रकम रु. |
|---|---|
| भाडा | ३७,७९३,५९१।५३ |
| थोक बजार | १६,६६८,०४२।३६ |
| खुद्रा बजार | १,७२५,८६४।८० |
| चमेना गृह | १,३११,८८८।०० |
| रेष्टुरेण्ट | ७७३,३१०।०० |
| माछासेड | ४६५,४४६।४० |
| सटर | ८,३४९,५२५।०० |
| फलफूल बजार | १,८५९,९२२।६० |
| बहूउद्धेशिय कोठा | ८७२,५८०।८८ |
| केज | ३,२१९,६७०।६४ |
| सहकारी स्टल | १,०४२,४४७।४० |
| माछा बजार | १,५०४,८९३।४५ |
| शुल्क | १८,०१९,०६०।५६ |
| प्रवेश शुल्क | ३,७७१,०००।०० |
| बिद्युत महसुल | ९१६,७०८।०६ |
| विलम्ब शुल्क | ७९३,८२३।५३ |
| शौंचालय शुल्क | १,२९९,६७२।०० |
| जरिवाना | ७००।०० |
| टेण्डर फर्म | ८,०००।०० |
| ब्याज | ७,३८७,०१४।८५ |
| पार्किङ् शुल्क | ३६०,०००।०० |
| अन्य शुल्क | १,०१९,६०७।१२ |
| किसान बजार | २२७,५००।०० |
| पानी महसुल | ९५,०००।०० |
| जम्मा | ५५,८१२,६५२।०९ |

१३. समितिको आ.ब. २०८०।८१ तेश्रो त्रैमासिकको खर्च विवरणः

| शिर्षक | रकम रु. |
|---|---|
| बजार संचालन खर्च | ५,४०१,३६२।२३ |
| बिधूत | १,१९५,६१७।०० |
| पानी | ३१,५३०।०० |
| इन्धन (सवारी प्रयोजन) | ३५६,५४७।७५ |
| टेलिफोन टंक | ९२,८२०।८१ |
| सुचना प्रवाह/प्रसार | १५२,४२१।०० |
| फोहोर मैला व्यवस्थापन | २,२६४,६७०।०० |
| मसलन्द | ३३,५६७।८८ |
| छपाई | ६९,९४६।२५ |
| पत्र पत्रिका तथा पूस्तक | ३,३९५।०० |
| मर्मत सम्भार (बजार संरचना) | ७०६,५६४।८३ |
| मर्मत सम्भार (अन्य) | ४४०,९७१।७१ |
| अन्य खर्च | ५३,३१०।०० |
| कर्मचारी खर्च | १३,७५१,७१०।१० |
| तलब | ६,२४९,१६३।९० |
| खाजा खर्च | ७८४,०००।०० |
| बिशेष भत्ता | २९१,०००।०० |
| दैनिक तथा भ्रमण भत्ता | ३,१५७,५८७।५९ |
| तालिम | ३१०,६७३।०० |
| कर्मचारी बिमा | २,०९७,५३४।२९ |
| यातायात भत्ता | २१०,९१२।०० |
| सुरक्षा सेवा खर्च | ६५०,८३९।३२ |
| प्रशासनिक खर्च | १,१६७,७२९।६८ |
| लेखा परिक्षण शूल्क | १२२,०४०।०० |
| कर दस्तूर | ४४,६५०।०० |
| विविध खर्च भैपरी खर्च | २८९,९६५।६३ |
| परामर्श सेवा शूल्क | ७११,०७४।०५ |
| अन्य खर्च /व्यवस्था | १,४२७,२०७।८० |
| समिति/उपसमिति खर्च | ३४४,६७७।०० |
| सभा समारोह खर्च | १,०८२,५३०।८० |
| पुजिगत खर्च | ४,७४२,८३१।२३ |
| भवन निर्माण | ४,२९१,६४८।२३ |
| फर्निचर | ३७४,७२३।०० |
| कार्यालय उपकरण | २०,५००।०० |
| कम्प्युटर उपकरण | ५५,९६०।०० |
| जम्मा | २६,४९०,८४१।०४ |

## १४. अन्य विवरण

### आ.ब. २०८०।८१ तेश्रो त्रैमासिकको थोक मूल्य विवरण

| कृषि उपजको नाम | मासिक औषत थोक मूल्य (रु./प्रति के.जी.) | | |
|---|---|---|---|
| | २०८० माघ | २०८० फागुन | २०८० चैत्र |
| ठूलो गोलभेडा(नेपाली) | ५९।१४ | ५६।७२ | ६४।५८ |
| ठूलो गोलभेडा(भारतीय) | ६८।९७ | ६९।२० | ७१।८५ |
| सानो गोलभेडा(लोकल) | २६।४७ | २२।८३ | ४५।४६ |
| सानो गोलभेडा(टनेल) | २६।४३ | २९।७५ | ६८।४९ |
| सानो गोलभेडा(भारतीय) | ३९।३२ | २७।२२ | ६५।७१ |
| सानो गोलभेडा(तराई) | ३८।९३ | २८।९७ | ५९।४० |
| रातो आलु | ३२।०१ | ३२।६१ | ४२।०९ |
| रातो आलु(भारतीय) | २९।५१ | ३४।०३ | ३९।२६ |
| सेतो आलु | २२।५० | २९।८० | ३१।६० |
| सुकेको प्याज(भारतीय) | ७१।८४ | ७६।७५ | ७३।०० |
| सुकेको प्याज(चाइनिज) | ६२।४८ | | |
| गाजर(लोकल) | ३४।०५ | ३४।५९ | ३६।३३ |
| गाजर(तराई) | २६।३७ | २९।०१ | २८।०४ |
| बन्दा(लोकल) | ३६।३४ | ३३।०४ | २४।०२ |
| बन्दा(तराई) | २८।०० | २८।३५ | |
| बन्दा(नरिवल) | २८।०४ | २७।७४ | २२।१५ |
| स्थानीय काउली | ३८।७२ | ३१।७२ | २५।६२ |
| स्थानीय काउली(ज्यापु) | ५३।०० | ४३।५८ | ४२।८८ |
| तराई काउली | ३६।४९ | २७।११ | २६।३४ |
| रातो मूला | १५।०६ | ४१।९४ | ५७।०५ |

| कृषि उपजको नाम | मासिक औषत थोक मूल्य (रु./प्रति के.जी.) | | |
|---|---|---|---|
| | २०८० माघ | २०८० फागुन | २०८० चैत्र |
| सेतो मूला(लोकल) | १२।९५ | २४।८४ | २६।७० |
| सेतो मूला(हाइब्रीड) | १८।०२ | २९।०२ | ३४।४७ |
| लाम्चो भन्टा | ६६।३७ | ५५।२७ | ४०।१८ |
| डल्लो भन्टा | ६४।२० | ५५।२९ | ४६।९६ |
| बोडी(तने) | | | १०६।६३ |
| मकै बोडी | ६६।११ | | |
| मटरकोशा | ९६।८१ | ९३।७७ | ७१।०८ |
| घिउ सिमी(लोकल) | ६५।८७ | ११८।८८ | ५९।५० |
| घिउ सिमी(हाइब्रीड) | ६६।३९ | ११७।६५ | ५८।९९ |
| घिउ सिमी(राजमा) | ११३।४४ | ११२।०८ | ११३।७० |
| टाटे सिमी | ६६।६८ | ८७।८८ | ६६।७० |
| तितो करेला | १२०।३७ | १२६।९७ | ११४।७४ |
| लौका | ६३।६४ | ५८।५० | ६०।३२ |
| परवर(लोकल) | | | ११०।०० |
| परवर(तराई) | ३०५।१३ | २८७।१९ | १११।५९ |
| चिचिण्डो | | | ८५।८४ |
| घिरौला | ८५।८८ | १११।३६ | ८२।४० |
| पाकेको फर्सी | ४६।९७ | ४६।७४ | ४४।७३ |
| हरियो फर्सी(लाम्चो) | ६२।७५ | ५५।२२ | ३५।६६ |
| हरियो फर्सी(डल्लो) | ६४।८० | ६१।८७ | ३९।२४ |

| कृषि उपजको नाम | मासिक औषत थोक मूल्य (रु./प्रति के.जी.) | | |
|---|---|---|---|
| | २०८० माघ | २०८० फागुन | २०८० चैत्र |
| सलगम | ७५।०७ | ७४।६६ | ७५।७३ |
| भिण्डी | १०६।६० | १०६।४५ | १०३।४७ |
| सखरखण्डा | ७४।५३ | ६९।४३ | ७१।२४ |
| बरेला | ५१।३२ | ५५।०६ | ५१।७१ |
| पिंडालु | ७२।९५ | ८४।१४ | १०७।३८ |
| स्कुस | ४४।७३ | ४४।१० | ४४।८६ |
| रायो साग | ४५।१२ | ४३।५१ | ६०।७८ |
| पालुगो साग | ९२।५९ | ६६।५५ | १०४।८९ |
| चमसुरको साग | ९२।६५ | ६६।६७ | १०३।२३ |
| तोरीको साग | ४४।२० | ३४।५९ | ४०।५० |
| मेथीको साग | ९२।५६ | ६६।६७ | १०४।८४ |
| प्याज हरियो | ११५।१५ | ८२।६८ | ५२।७८ |
| बकुला | ७४।०४ | ७४।५० | ५५।२२ |
| तरुल | ६९।७७ | ७२।२६ | ९०।०० |
| च्याउ(कन्य) | १५३।२३ | १२२।७१ | १२७।६९ |
| च्याउ(डल्ले) | ३३६।७५ | ३२३।५९ | २८६।०० |
| कुरीलो | १९०८।८२ | १३५२।७८ | ५६६।०९ |
| न्यूरो | | ८३।९३ | ७९।२२ |
| ब्रोकाउली | ६६।३९ | ४८।५२ | ४६।७९ |
| चुकुन्दर | ७५।२९ | ६७।६५ | ५९।७३ |

| कृषि उपजको नाम | मासिक औषत थोक मूल्य (रु./प्रति के.जी.) | | |
|---|---|---|---|
| | २०८० माघ | २०८० फागुन | २०८० चैत्र |
| सजिवन | २२५।१८ | १६१।३० | १५६।८९ |
| कोइरालो | | ७५।०० | २०५।१९ |
| बन्दा रातो | ६५।३९ | ५५।६९ | ५१।७८ |
| जिरीको साग | ८६।७८ | ७०।९८ | ६३।७३ |
| ग्याठ कोबी | ५४।२३ | ६०।०० | ६५।७८ |
| सेलरी | १३१।१५ | ९८।४५ | ९०।३४ |
| पार्सले | २९७।९३ | २११।४९ | १६४।३३ |
| सौफको साग | ९२।४७ | ६६।५५ | १०५।०० |
| पुदीना | ३६२।७० | ३०६।७२ | १६०।७२ |
| गान्टे मूला | ७४।७७ | ७१।६० | ७५।६७ |
| इमली | १४६।२१ | १४८।६२ | १४६।४५ |
| तामा | ९६।२१ | १०१।७३ | १०२।२८ |
| तोफु | १४६।४४ | १६०।०० | १६०।०० |
| गून्द्रूक | २७५।८६ | २७४।९७ | २७६।८९ |
| रुख टमाटर | १२०।५२ | १४६।७३ | १५३।१३ |
| स्याउ(झोले) | | २१०।०० | २२९।८३ |
| स्याउ(फूजी) | ३२२।४१ | ३२६।०४ | ३२४।०८ |
| केरा | १३२।१३ | १३०।२९ | १३४।५६ |
| कागती | २०३।२६ | २५६।२३ | २५९।१३ |
| अनार | २७३।५६ | २८३।५६ | २८६।३३ |
| अंगुर(हरियो) | १७१।०३ | १२९।७१ | १४५।५० |

| कृषि उपजको नाम | मासिक औषत थोक मूल्य (रु./प्रति के.जी.) | | |
|---|---|---|---|
| | २०८० माघ | २०८० फागुन | २०८० चैत्र |
| अंगुर(कालो) | २६८।२२ | २००।५८ | २२५।४४ |
| सुन्तला(नेपाली) | १३१।०७ | १५५।११ | |
| सुन्तला(भारतीय) | ११५।४८ | ९६।१४ | १२०।२९ |
| तरबुजा(हरियो) | ६६।०९ | ६०।८४ | ४९।२९ |
| मौसम | १४२।२४ | १४१।२७ | १४१।६७ |
| जुनार | २३६।०९ | २३१।८४ | २६२।३६ |
| भुई कटहर | १६५।८६ | १७०।०० | १५४।३९ |
| कांक्रो(लोकल) | १३५।३० | १३९।४८ | ९२।६३ |
| कांको(हाइब्रीड) | ५५।०९ | ६५।२९ | ५०।९४ |
| रुख कटहर | ११३।२७ | १०७।६५ | ९४।१५ |
| निबुवा | ५३।९१ | ५७।३६ | ५५।४८ |
| नासपाती(चाइनिज) | २३६।३५ | २३५।४६ | २१५।३० |
| मेवा(नेपाली) | ६९।५४ | ७४।६० | ८१।१५ |
| मेवा(भारतीय) | ८०।५२ | ७७।९३ | ९०।०० |
| अम्बा | १२२।३३ | १७८।९३ | २२०।९३ |
| लप्सी | ८४।६१ | १२४।१७ | १६४।९३ |
| उखु | ९५।०० | ८०।७६ | |
| किनु | ८८।५१ | ९३।२२ | १००।५३ |
| स्ट्रबेरी (भुईऐसेलु) | ३५४।३१ | २८२।७६ | ३१५।६५ |
| किवि | ३४९।१४ | ४६०।५६ | ४३९।२० |
| शरीफा | २६६।२५ | | |

| कृषि उपजको नाम | मासिक औषत थोक मूल्य (रु./प्रति के.जी.) | | |
|---|---|---|---|
| | २०८० माघ | २०८० फागुन | २०८० चैत्र |
| आभोकाडो | ३०४।४३ | ४५७।७५ | ५९५।८८ |
| अमला | ८२।८० | ८४।५४ | ८९।६६ |
| अदुवा | १९३।०९ | २१५।२९ | २२३।७७ |
| सुकेको खुर्सानी | ४८४।९४ | ४३५।५७ | ४४२।५० |
| हरियो खुर्सानी | ७२।८२ | १०१।८४ | ११७।९२ |
| खुर्सानी हरियो(बुलेट) | ७७।७२ | १०४।०४ | १२३।७९ |
| खुर्सानी हरियो(माछे) | ७५।०२ | ८९।७० | १०४।७८ |
| खुर्सानी हरियो(अकबरे) | २४२।७८ | २७६।८८ | २००।०० |
| भेडे खुसानी | ९१।८१ | १०९।०१ | १४४।८१ |
| हरियो लसुन | १२२।३० | ११८।९७ | १२४।४५ |
| हरियो धनिया | ११४।४२ | ६०।०९ | ५२।३१ |
| सुकेको चाइनिज लसुन | २८९।२४ | २७४।५१ | २५४।४३ |
| सुकेको नेपाली लसुन | २७३।८२ | २०३।०० | १८०।५६ |
| सुकेको छ्यापी | २८०।५८ | २०८।१५ | ११०।०० |
| हरियो छ्यापी | १२३।४५ | १०९।२३ | १०१।९१ |
| ताजा माछा(रहु) | ३६१।७२ | ३५४।७१ | ३४७।५६ |
| ताजा माछा(बचुवा) | २६४।४८ | २६२।२४ | २६२।७२ |
| ताजा माछा(छडी) | २६६।५९ | २७४।७७ | २६५।७२ |
| ताजा माछा(मुंगरी) | ३१०।८० | ३५२।०७ | ३५०।२३ |

## आ.ब. २०८०/८१ तेश्रो त्रैमासिकको महिनागत आगमन विवरण

| कृषि उपजको नाम | मासिक आगमन परिमाण के.जी. मा | | | जम्मा |
|---|---|---|---|---|
| | ०८० माघ | ०८० फागुन | ०८० चैत्र | |
| ठूलो गोलभेडा | २२४५०६ | ५२८९६ | ६२९२१८ | ९०६६२० |
| सानो गोलभेडा | १८४७८०९ | १९४५०९१ | २३४७५४४ | ६१४०४४४ |
| रातो आलु | ४१३९१२२ | २९२४४६२ | २३११०४६ | ९३७४६३० |
| सेतो आलु | १०००० | ३५० | ६००० | १६३५० |
| सुकेको प्याज | १८४३८२१ | १९२०१७९ | २२०३९३० | ५९६७९३० |
| गाजर | ५९०९४४ | ९२२८२९ | ११३७७२० | २६५१४९३ |
| बन्दा | ८९२७२२ | ९८३३६२ | ७३९२३७ | २६१५३२१ |
| काउली | १६४१६१३ | १५५२६७१ | ११७४७३४ | ४३६९०१८ |
| रातो मूला | ३२३० | १५० | | ३३८० |
| सेतो मूला | ६३६३९५ | ४८४३८३ | ५९१६२२ | १७१२४०० |
| लाम्चो भन्टा | २५९२०३ | ३५७२९५ | ४६७११६ | १०८३६१४ |
| डल्लो भन्टा | ४००० | | | ४००० |
| बोडी | ८७५० | ३४०० | २८३३६५ | २९५५१५ |
| मटरकोशा | ५०८३१४ | ४६१५१६ | ३०६२९६ | १२७६१२६ |
| घिउ सिमी | ५९४९९८ | ४२५९३९ | ७४७६७९ | १७६८६१६ |
| टाटे सिमी | ९१२०९ | २७५५० | १२१८० | १३०९३९ |
| भटमास | २१२ | | | २१२ |
| तितो करेला | २२१२७० | २५९१६० | ३८०८१२ | ८६१२४२ |
| लौका | २०८०३५ | २३९९१४ | १९२४२६ | ६४०३७५ |
| परवर | १३६० | ५२६० | १९३२९५ | १९९९१५ |
| चिचिण्डो | | | १२१० | १२१० |
| घिरौला | ३२५६ | ४८१३७ | १९७९१८ | २४९३११ |
| भिगुनी | | १३०० | ११०० | २४०० |

| कृषि उपजको नाम | मासिक आगमन परिमाण के.जी. मा | | | जम्मा |
|---|---|---|---|---|
| | ०८० माघ | ०८० फागुन | ०८० चैत्र | |
| पाकेको फर्सी | २२०७०० | २४४७५० | २४२९८० | ७०८४३० |
| हरियो फर्सी | १३०५७८ | २९६५६५ | ३२४४६८ | ७५१६११ |
| भिण्डी | २८९३६८ | ३७९०६३ | ४७६१८० | ११४४६११ |
| सखरखण्डा | ३४९२० | २८४७० | ३०७१० | ९४१०० |
| बरेला | ८५४२० | ११२०७८ | ३८३६५ | २३५८६३ |
| पिंडालु | २४८०० | १६७५ | २६९३ | २९१६८ |
| स्कुस | १४३८५५ | १८२३६० | ८४१८० | ४१०३९५ |
| रायो साग | १९६४४८ | १९८९१९ | १८१६७५ | ५७७०४२ |
| पालुगो साग | २१०५० | २२००० | २३५५० | ६६६०० |
| चमसुरको साग | १८१५० | २०७०० | १३५०० | ५२३५० |
| तोरीको साग | २०० | २१०० | | २३०० |
| मेथीको साग | २२८० | १३५० | ५१५० | ८७८० |
| प्याज हरियो | ४४१७७ | ४१३१७ | ७३७७२ | १५९२६६ |
| बकुला | ४३४०० | ४३८६७ | १६८८६ | १०४१५३ |
| तरुल | १३८९०५ | १०२९०५ | १५१२४ | २५६९३४ |
| च्याउ | ३५४०० | ४६०६० | ५५८१५ | १३७२७५ |
| न्यूरो | | २०० | २४७८० | २४९८० |
| ब्रोकाउली | २२९४५२ | १३३९२२ | ७४५३६ | ४३७९१० |
| चुकुन्दर | ४२५९२ | ५८०४२ | ४८४५० | १४९०८४ |
| सजिवन | ६७५ | ४७३० | ८६७९ | १४०८४ |
| कोइरालो | | १५० | २१३६५ | २१५१५ |
| बन्दा रातो | | | १०५ | १०५ |
| गान्टे मूला | ३७०० | ३९०० | | ७६०० |

| कृषि उपजको नाम | मासिक आगमन परिमाण के.जी. मा | | | जम्मा |
|---|---|---|---|---|
| | ०८० माघ | ०८० फागुन | ०८० चैत्र | |
| इमली | | १०००० | २१००० | ३१००० |
| तामा | | | १८०० | १८०० |
| तोफु | १४५०५ | १४४८३ | १३८८० | ४२८६८ |
| स्याउ | ३६६७० | २८५३० | ४५५८० | ११०७८० |
| केरा | ७७५० | २१८०० | १०२७५ | ३९८२५ |
| कागती | २४२०५० | १४८०५५ | २९३७४५ | ६८३८५० |
| अनार | | २१० | | २१० |
| आप | | | १५० | १५० |
| अंगुर | १४८०० | ७४४० | १००० | २३२४० |
| सुन्तला | ९२२०१३ | २९०६४० | १७६१७० | १३८८८२३ |
| तरबुजा | | २६९०० | ८८१०० | ११५००० |
| मौसम | २५०० | | | २५०० |
| भुई कटहर | | ६०० | ४००० | ४६०० |
| कांक्रो | ५३५३०० | ५८२१९८ | ७९२८४१ | १९१०३३९ |
| रुख कटहर | ६५१०५ | ८९२५१ | २७१७५३ | ४२६१०९ |
| निबुवा | ७७०० | ५०० | | ८२०० |
| मेवा | ६३५० | २१९१० | ३३२७५ | ६१५३५ |
| अम्बा | २९८५० | ३२५ | | ३०१७५ |
| लप्सी | १३७३६ | २०३० | १००० | १६७६६ |
| खरबुजा | | २०५०० | २१३०५० | २३३५५० |
| उखु | | ४५० | | ४५० |
| किनु | | १२३०० | | १२३०० |
| आभोकाडो | ५०० | | | ५०० |
| अमला | २७१५० | ८७०० | १०४०० | ४६२५० |
| अदुवा | ९०३७० | ८३१६८ | ८२६०६ | २५६१४४ |

| कृषि उपजको नाम | मासिक आगमन परिमाण के.जी. मा | | | जम्मा |
|---|---|---|---|---|
| | ०८० माघ | ०८० फागुन | ०८० चैत्र | |
| सुकेको खुर्सानी | २९०० | ३२०० | | ६१०० |
| हरियो खुर्सानी | ४०२४३६ | ४११७८५ | ४९७२७५ | १३११४९६ |
| भेडे खुसानी | २३३३६२ | २२२५३४ | २३६१०३ | ६९१९९९ |
| हरियो लसुन | ४६७८५ | ३३४०५ | १७१५० | ९७३४० |
| हरियो धनिया | ७४९४७ | ५५४२६ | ३८०६९ | १६८४४२ |
| सुकेको लसुन | ४४१०० | २३१०० | ४०४७० | १०७६७० |
| हरियो छ्यापी | | | ३०० | ३०० |
| ताजा माछा | ४४८७५७ | ४०४६८५ | ३९१९६३ | १२४५४०५ |
| अन्य | २२७५६ | २०२६५ | ३४६६४ | ७७६८५ |
| जम्मा | १८७२९२३१ | १७०८५३५७ | १९००४०३० | ५४८१८६१८ |

## १५. निकायको वेब साइट र सम्पर्क विवरण

कालीमाटी फलफूल तथा तरकारी बजार बिकास समिति, कालीमाटी, काठमाडौं, नेपाल
पोष्ट बक्स नं. २१५१२
टेलिफोन नं. ००९७७–०१–५१२३०८६
नोटिस वोर्ड सेवा – १६१८ ०७०७ ६६६६६
ईमेल - kalimatimarket@gmail.com
वेब साईट – www.kalimatimarket.gov.np
Facebook : https://www.facebook.com/kalimativegetablesmarket